फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्डः ६ संख्याः ३ मितिः २०८०/०७/०३

**भाग-२**

**फलेवास नगर कार्यपालिका**

# जलस्रोत नियमावली, २०८०

कार्यपालिकावाट स्वीकृत मिति : २०८०/०६/३०
प्रमाणीकरण मितिः २०८०/०७/०३

**प्रस्तावना** : फलेवास नगरपालिकाको जलस्रोत ऐन, २०८० को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी फलेवास नगर कार्यपालिकाले देहायको नियमावली बनाएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो नियमावलीको नाम "जलस्रोत नियमावली, २०८०" रहेको छ ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले फलेवास नगरपालिकाको जलस्रोत ऐन, २०८० सम्झनु पर्छ।

(ख) "जलस्रोत समिति" भन्नाले नियम ८ बमोजिमको नगर जलस्रोत समिति सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले उपभोक्ता समितिलाई सम्झनु पर्छ ।

(घ) "उपभोक्ता संस्था" भन्नाले जल उपभोक्ता संस्थालाई सम्झनु पर्छ ।

(ङ) " अनुमति" भन्नाले नियम १५, नियम २१ र नियम २४ बमोजिम दिइने अनुमति सम्झनु पर्छ ।

(च) "सर्वेक्षण" भन्नाले जलस्रोत उपयोगको लागि गरिने सम्भाव्यता अध्ययन, विस्तृत इन्जिनियरिङ्ग डिजाइनको कार्य र त्यसको लागि गरिने अन्वेषणको कार्य समेत सम्झनु पर्छ ।

(छ) "उपभोक्ता" भन्नाले जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ज) "सेवा शुल्क" भन्नाले नगरपालिका वा अनुमति प्राप्त व्यक्तिले उपलब्ध गराएको जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गरे बापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनु पर्छ ।

## परिच्छेद- २

## उपभोक्ता संस्था

**३. उपभोक्ता संस्थाको गठनः**

(१) संस्थागत रूपमा जलस्रोतको उपयोग गर्ने उपभोक्ताको भेलाले पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात बढीमा एघार जना भएको समावेसी उपभोक्ता संस्था गठन गर्न सक्नेछन् समावेशी भन्नाले उपलब्ध भएसम्म महिला, दलित, आदिवासी जनजाति, फरक क्षमता भएका व्यक्तिलाई सम्झनु पर्छ ।

(२) उपनियम (१) बमोजिम गठन हुने उपभोक्ता समितिमा तेत्तिस प्रतिसत महिलासहित अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक पदमा महिला भएको हुनु पर्नेछ ।

**४. उपभोक्ता संस्था दर्ताको लागि दरखास्त दिनुपर्नेः** नियम ३ बमोजिम उपभोक्ता संस्था दर्ता गर्न अनुसूची—१ बमोजिमको ढाँचामा संस्थाको दुई प्रति विधान र पाँचसय रुपैयाँ दस्तुर सहित नगर जलस्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

**५. विधानमा खुलाउनु पर्ने विवरणहरूः** नियम ४ बमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरू खुलाउनु पर्नेछः—

(क) पूरा नाम र ठेगाना,

(ख) उद्देश्य तथा कार्य क्षेत्र,

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

(घ) सदस्यको निष्काशन र राजीनामा,

(ङ) हकदावी, नामासारी वा हकवालाको मनोनयन,

(च) साधारण सभाको प्रक्रिया,

(छ) समितिको गठन तथा काम, कर्तव्य र अधिकार,

(ज) सदस्य पदमा बहाल रहन नसक्ने अवस्था,

(झ) समितिको बैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष र लेखापरीक्षण,

(ट) समितिको निर्वाचन,

(ठ) विधान संशोधन,

(ड) विघटन,

(ढ) विविध ।

**६. दर्ता र प्रमाणपत्रः**

(१) नियम ४ बमोजिम पर्न आएको दरखास्त उपर नगर जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा नगर जलस्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) यो नियमावली प्रारम्भ हुनु अगावै प्रचलित कानुन बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरू यसै नियमावली बमोजिम दर्ता भएका मानिनेछन् ।

**७. विधान संशोधनः** उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नु पर्ने भएमा संस्थाको साधारण सभाद्धारा गरिएको संशोधित प्रति नगर जलस्रोत समितिमा पेश गर्नु पर्नेछ र समितिले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी संशोधित विधान प्रमाणीकरण गर्नेछ

## परिच्छेद ३

## जलस्रोतको उपयोग सम्बन्धी व्यवस्था

**८. नगर जलस्रोत समितिको गठनः**

(१) नगर भित्र रहेको जलस्रोतको उपयोगको अनुमति प्रदान गर्ने प्रयोजनको लागि एक नगर जलस्रोत समिति रहनेछ ।

(१) नगर प्रमुख ............................................................................संयोजक

(२) उपप्रमुख ........................................................................... सदस्य

(३) प्रमुख प्रशासकिय अधिकृत ...................................................... सदस्य

(४) नगर कार्यपालिकाले तोकेको आफु मध्ये २ जना कार्यपालिका सदस्यहरु ............सदस्य

(५) सम्वन्धित विषयगत समितिको संयोजक ......................................... सदस्य

(६) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत ...................................सदस्य सचिव

(२)उपनियम (१) बमोजिमको समितिको बैठकमा आवश्यक्ता अनुसार जिल्ला स्थित सम्बन्धित क्षेत्रका प्रतिनिधि एवं विज्ञ प्रतिनिधि आमन्त्रण गर्न सक्नेछ ।

**९. नगर जलस्रोत समितिको बैठक सम्बन्धी कार्यविधिः**

(१) नगर जलस्रोत समितिको बैठक अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ ।

(२) बैठकको अध्यक्षता नगर जलस्रोत समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा नगर जलस्रोत समितिको बैठकको अध्यक्षता उपप्रमुखले गर्नेछ ।

(३) नगर जलस्रोत समितिको कूल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) नगर जलस्रोत समितिमा उपस्थित सदस्य संख्याको बहुमत सदस्यहरूको निर्णय मान्य हुनेछ ।

(५) नगर जलस्रोत समितिको निर्णय समितिको अध्यक्षद्वारा प्रमाणित गरिनेछ ।

(६) नगर जलस्रोत समितिको बैठक सम्बन्धी अन्य कार्यविधि नगर जलस्रोत समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०.जलस्रोत समितिको संयुक्त बैठकः**

(१) जलस्रोतको उपयोगसँग सम्बन्धित कुनै काम एक भन्दा बढी गाउँपालिका तथा नगरपालिकाको जलस्रोत समितिहरूसँग सम्बन्धित भएमा सम्बन्धित सबै गाउँ तथा नगर जलश्रोत समितिहरूको संयुक्त बैठकले यो नियमावली बमोजिमको अधिकारको प्रयोग गर्नेछ ।

**११.नगर जलस्रोत समितिको सचिवालयः** नगर जलस्रोत समितिको सचिवालय फलेवास नगर कार्यापालिकाको कार्यालयमा रहनेछ ।

**१२.नगर जलस्रोत समितिको काम कर्तव्य र अधिकारः** नगर जलश्रोत समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) जलश्रोत उपयोग सम्बन्धी नीति तथा मापदण्ड तयार गर्ने ।

(ख) जलश्रोतको पहिचान, बर्गिकरण र अभिलेखीकरण गर्ने ।

(ग) जलश्रोतको संरक्षण, दिगो रुपमा उपयोग र विकासका लागि योजना तथा कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(घ) जल उपभोक्ता संस्थाहरुको दर्ता, नवीकरण तथा खारेजी गर्ने ।

(ङ) जलश्रोत उपयोग र सरक्षणका लागि विभिन्न प्रकारका अध्ययन अनुसन्धान गर्न अनुमति दिने ।

(च) जल उपभोक्ता संस्थाहरुको रेखदेख, नियमन गर्ने गराउने ।

(छ) जलश्रोतको बृहत उपयोग र संरक्षणका लागि स्रोतको खोजी गरी ठुला आयोजना सञ्चालन गर्ने गराउने ।

(ज) जलश्रोतको समानुपातिक, समन्यायीक र उचित वितरण प्रणालीको व्यवस्था मिलाउने ।

(झ) जल उपभोक्ता संस्थाहरुबीच समन्वय गराउने ।

(ञ) जलश्रोत उपयोग सम्बन्धी सम्बद्ध स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने ।

(ट) जलश्रोत उपयोगमा वातावरणीय पक्षमा देखिने नकारात्मक प्रभाव न्यूनीकरण एवम् अनुकूलन गराउने ।

(ठ) फलेवास नगरपालिकाले तोकेको अन्य कार्यहरु गर्ने ।

**१३.जलस्रोतको उपयोगको सर्वेक्षण अनुमतिका लागि दरखास्त दिनेः**

(१) जलस्रोत उपयोगको सर्वेक्षण अनुमति लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित सर्वेक्षण गरिने देहायको विषय खुलाइ नगर जलस्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संचरना समेत देखिने),

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,

(ङ) सर्वेक्षण गरिने जलस्रोतको क्षेत्र,

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत (सर्वेक्षण र सञ्चालनको लागि समेत),

(छ) लागत सहभागिता ।

(ज) परियोजना सञ्चालन प्रक्रिया ।

(झ) सामाजिक आर्थिक र वातावरणीय प्रभाव ।

(ञ) अन्य आवश्यक कुराहरू ।

(२) ब्यक्तिगत तथा व्यापारिक प्रयोजनका लागि भूमिगत जल उपयोग गर्न चाहने व्यक्ति वा कम्पनीले पानीको **पचास प्रतिशत** परिमाण सार्वजनिक सेवामा वितरण हुने गरी जलश्रोतको उपयोगको अनुमतिको लागि दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम व्यावसायिक प्रयोजनका लागि सर्वेक्षण अनुमतिको दरखास्त दिँदा अनुसूची-८ बमोजिमको रकम बुझाउनु पर्नेछ ।

**१४.दरखास्त उपर जाँचबुझः**

(१) नियम १३ बमोजिम पेश भएको दरखास्त साथ आवश्यक कागजात पेश गरे नगरेको सम्बन्धमा नगर जलस्रोत समितिले जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नु पर्ने कुनै कागजात पेश गरेको रहेनछ भने त्यस्तो कागजात पेश गर्न सम्बन्धित दरखास्तवालालाई पन्ध्र दिनभित्र सूचना दिनु पर्नेछ । दरखास्तवालाले सूचना पाएको सात दिन भित्र त्यस्तो कागजात पेश गर्नु पर्नेछ ।

**१५.सर्वेक्षण अनुमति दिनेः** नियम १३ बमोजिम परेको दरखास्त उपर नियम १४ बमोजिम नगर जलस्रोत समितिको आवश्यक जाँचबुझ पछि अनुसूची–४ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोत उपयोगको सर्वेक्षण अनुमति दिनु पर्नेछ ।

**१६.सर्वेक्षण प्रतिवेदन पेश गर्नुपर्नेः** नियम १५ बमोजिम अनुमति प्राप्त व्यक्तिले सर्वेक्षणको काम सम्पन्न गरेको मितिले तीस दिनभित्र नियम १३ बमोजिमको विवरण सहित सर्वेक्षणको दुई प्रति प्रतिवेदन नगर जलस्रोत समिति समक्ष पेश गर्नु पर्नेछ ।

**१७.दोहोरो सर्वेक्षण अनुमतिपत्र नदिइनेः** नियम १५ बमोजिम दिइएको सर्वेक्षण अनुमतिमा उल्लेखित अवधिभर सोही क्षेत्रमा सोही कामको सर्वेक्षण गर्न पाउने गरी अन्य कुनै व्यक्ति वा संस्थालाई दोहोरो पर्ने गरी अनुमति दिइने छैन ।

**१८.जलस्रोत उपयोगको अनुमतिको लागि दरखास्त दिनेः**

(१) जलस्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची-५ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायका विवरणहरू खुलाई नगर जलश्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछः

(क) नियम १३ बमोजिम परियोजनाको विस्तृत विवरण खुलाउनु पर्नेछ ।

(ख) घर जग्गाको उपयोग वा प्राप्ति (परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिका लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरूको लगत),

(ग) वातावरणीय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यूनिकरण गर्न अपनाउने उपायहरू तथा जलस्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरू, परियोजनाले सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधनको उपयोग, परियोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरूले पाउने लाभ, निर्माण तथा सञ्चालन सम्भार सम्बन्धमा स्थानीय व्यक्तिलाई दिइने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरू, सुरक्षात्मक व्यवस्थाहरू तथा परियोजना सञ्चालनबाट सम्बन्धित जग्गाधनीहरूलाई पर्न सक्ने असर, विस्थापित जनसंख्याको लगत र तिनीहरूको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रूपमा खुलाउनुपर्छ),

(घ) अन्य आवश्यक कुराहरू ।

**१९.दरखास्त उपर जाँचबुझ :**

(१) नियम १८ बमोजिम दरखास्त प्राप्त भएपछि ऐन र यस नियमावली बमोजिम दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा नगर जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नु पर्ने कुनै कागजात पेश गरेको रहेनछ भने त्यस्तो कागजात पेश गर्न सम्बन्धित दरखास्तवालालाई पन्ध्र दिनभित्र सूचना दिनु पर्नेछ । दरखास्तवालाले सूचना पाएको सात दिन भित्र त्यस्तो कागजात पेश गर्नु पर्नेछ ।

**२०.सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेः**

(१) नियम १८ बमोजिम जलस्रोतको उपयोगको अनुमतिको लागि दरखास्त परेपछि नगर जलस्रोत समितिले नियम १९ बमोजिम आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरू खुलाइ सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि जलस्रोतको उपयोगसित सम्बन्धित परियोजनाको निर्माण तथा सञ्चालन गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा तत्सम्बन्धी विवरणहरू खुलाई सूचना प्रकाशित भएको मितिले पैंतीस दिनभित्र नगर जलस्रोत समिति समक्ष जो सुकैले पनि जानकारी दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई बिचार गरी नगर जलस्रोत समितिले त्यस्तो उल्लेखनीय प्रतिकूल असर न्यूनीकरण गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालना गर्नुपर्ने कुराहरू अनुमति दिँदा तोकी दिनेछ ।

**२१.अनुमति दिनेः** नियम १८ बमोजिमको दरखास्त उपर नियम १९ र २० बमोजिमको कार्यविधि पूरा गरी गराई नगर जलस्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची-६ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोतको उपयोग सम्बन्धी अनुमति दिनु पर्नेछ ।

**२२.जलस्रोत माथि अधिकार कायम हुनेः** यस नियमावली बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमति प्राप्त व्यक्तिलाई अनुमतिमा उल्लेख भए बमोजिमको कामको लागि सोही अनुमतिमा तोकिएको स्थान र क्षेत्रसम्मको जलस्रोतको उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

**२३.कार्य शुरु गर्नुपर्ने अवधिः**

(१) अनुमति प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमति प्राप्त गरेको मितिले सर्वेक्षणको हकमा तीन महिनाभित्र र जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालनको हकमा एक वर्ष भित्र भौतिक रूपमा कार्य शुरु गरी सोको जानकारी सम्बन्धित नगर जलस्रोत समितिलाई दिनु पर्नेछ । तर म्यादभित्र कार्य शुरु गर्न नसकेको कारण खोली अनुमति प्राप्त व्यक्तिले निवेदन दिएमा सम्बन्धित नगर जलस्रोत समितिले त्यस्तो कारण उचित र यथेष्ट देखेमा म्याद थप गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्य शुरु भएपछि प्रत्येक छ महिनामा भएको कामको प्रगति विवरण अनुमति प्राप्त व्यक्तिले सर्वेक्षण वा निर्माण कार्य सम्पन्न नभएसम्म सम्बन्धित नगर जलस्रोत समिति समक्ष पठाउनु पर्नेछ ।

**२४.नयाँ अनुमति लिनुपर्नेः**

(१) ऐन प्रारम्भ हुनु अगावैदेखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संस्थाले नियम १८ मा उल्लेखित विवरणहरू खुलाई ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र सम्बन्धित नगर जलस्रोत समिति समक्ष उपयोगको अनुमतिको लागि दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित नगर जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई अनुसूची-७ बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

**२५.अनुमति दस्तुरः** यो नियमावली बमोजिमको जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिको लागि दरखास्त दिँदा अनुसूची ८ मा तोकिए बमोजिमको अनुमति दस्तुर बुझाउनु पर्नेछ ।

**२६.अनुमति नवीकरण गर्नेः**

(१) यो नियमावली बमोजिम जलस्रोतको उपयोगको लागि दिइएको अनुमति हरेक बर्ष नवीकरण गर्नु पर्नेछ ।

(२) यो नियमावली बमोजिम जलस्रोतको सर्वेक्षणको लागि दिइएको अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै थप अवधिको लागि अनुमतिको नवीकरण गर्नु पर्नेछ ।

(३) अनुमति नवीकरण गराउँदा **अनुसूची-८** मा तोकिएको नवीकरण दस्तुर लाग्नेछ ।तर साविक जिल्ला विकास समिति र जिल्ला समन्वय समितिमा नियमानुसार दर्ता भइ नविकरण भएका जल उपभोक्ता संस्था र यस नियमावलि अनुसार नविकरण गर्न आउने संस्थाको हकमा नविकरण नभएको वर्षको आधारमा वार्षिक रु ५०० का दरले एकमुष्ठ शुल्क लिएर नविकरण गरिनेछ ।

**२७. अनुमति विक्री वा हस्तान्तरण गर्न स्वीकृति लिनुपर्नेः**

(१) अनुमति प्राप्त व्यक्तिले आफुले पाएको अनुमति विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा सम्बन्धित नगर जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन उपर सम्बन्धित नगर जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमति अन्य व्यक्ति वा संगठित संस्थाको नाउँमा विक्री गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

**२८.वार्षिक शुल्कः** अनुमति प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरूलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए बापत नगरपालिकालाई बुझाउनु पर्ने वार्षिक शुल्क अनुसूची ९ मा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-४

## जलस्रोत उपयोगको विवाद सम्बन्धी जाँचबुझ

**२९.जलस्रोत उपयोग जाँचबुझ समितिः**

(१) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानको लागि देहायका एक जलस्रोत उपयोग जाँचबुझ समिति रहनेछः

(क) नगरपालिकाको उपप्रमुख - अध्यक्ष

(ख) नगर कार्यपालिकाले तोकेको कार्यापालिका सदस्य - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) दुई वा दुई भन्दा बढी वडाहरु बीच जलस्रोतको उपयोग सम्बन्धी विवाद उत्पन्न भएमा विवादसँग सम्बन्धित प्रत्येक वडाका वडाध्यक्षहरु एक एक जना प्रतिनिधिहरू रहनेछन् ।

(३) दुई वा दुई भन्दा बढी स्थानीय तह बीच विवाद उत्पन्न भएमा नियम १० बमोजिमको संयुक्त समिति जाँचबुझ गर्नेछ ।

(४) उपनियम (१) बमोजिमको जलस्रोत उपयोग जाँचबुझ समितिले जलस्रोतको उपयोगमा उत्पन्न विवाद समाधान गर्दा देहायको कार्यविधि अपनाउनेछः

(क) जलस्रोत उपयोगको परियोजनाबाट लाभान्वित हुने स्थानीय व्यक्तिहरू बीच जलस्रोत उपयोगको प्राथमिकता निर्धारण वा जलस्रोत सम्बन्धी कुनै परियोजना सञ्चालन गरेबाट स्थानीय व्यक्तिहरूलाई पर्न जाने मर्काको सम्बन्धमा विवाद उठेमा सम्बन्धित अनुमति प्राप्त व्यक्ति वा संस्था तथा स्थानीय व्यक्तिहरूलाई छुट्टा छुट्टै वा सामूहिक रूपमा आफ्नो दावी पुष्टयाई हुने तथ्यहरू पेश गर्न मुनासिब माफिकको म्याद दिनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम तोकिएको म्यादभित्र लिखित जानकारी प्राप्त भएपछि उजुरीको व्यहोरा सहित देहायको विषयमा जानकारी लिनु पर्नेछः

(अ) परियोजनाको कुल खर्च,

(आ) परियोजनाबाट हुने फाइदाको स्तर,

(इ) परियोजना सञ्चालन गर्दा सम्बन्धित जलस्रोतबाट उपयोग गरी रहेका व्यक्ति वा समूहलाई पर्न सक्ने असर,

(ई) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताको संख्या,

(उ) परियोजना सञ्चालन गर्दा वातावरणमा पर्ने प्रभाव,

(ऊ) स्थानीय जनताको आवश्यकता,

(ए) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको प्रतिक्रिया,

(ऐ) अन्य आवश्यक कुराहरू ।

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयहरूमा जानकारी प्राप्त गरेपछि सोको आधारमा जलस्रोतको लाभदायक उपयोग भए नभएको र सो जलस्रोत उपयोग गर्न पाउने नपाउने निर्धारण गरिनेछ ।

(घ) उपनियम (४) को खण्ड (ख) बमोजिम जलस्रोतको उपयोग सम्बन्धी थप शर्तहरू समेत तोक्न सक्नेछ ।

## परिच्छेद - ५

## घर जग्गा प्राप्ति तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था

**३०. निवेदन दिनुपर्नेः** ऐनको दफा १६ को उपदफा (१) बमोजिम जलस्रोत उपयोगको लागि अरू कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमति प्राप्त व्यक्तिले नगरपालिका समक्ष अनुसूची-१० बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**३१. परियोजनास्थल वरिपरिको जग्गा प्रयोग गर्न निषेध गर्न सक्नेः**

(१) ऐनको दफा १६ को उपदफा (३) को प्रयोजनको लागि नगरपालिकाले जलस्रोतको उपयोग सम्बन्धी परियोजनाको किसिम, बनोट, क्षमता आदि कुराहरूलाई ध्यानमा राखी त्यस्तो परियोजना क्षेत्रभित्रका घरजग्गा कुनै खास कामको लागि अरू कसैले प्रयोग गर्न नपाउने गरी निश्चित दूरी तोकी निषेध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निषेध गरिएको कुराको सूचना नगरपालिकाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरी सम्बन्धित परियोजना क्षेत्रको मुख्य मुख्य ठाउँ, परियोजना कार्यालय, सम्बन्धित वडा कार्यालय, जिल्ला प्रशासन कार्यालय र मालपोत कार्यालयमा टाँस्न गर्नुपर्नेछ ।

**३२. क्षतिपूर्ति दिइनेः**

(१) नियम ३१ बमोजिम घरजग्गा प्रयोग गर्न निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई भएको हानि नोक्सानी बापत दिइने क्षतिपूर्तिको रकम नियम ३३ को उपनियम (१) बमोजिम गठित क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) घर जग्गाको प्रयोगमा थप बन्देज लगाउनु पर्ने अवस्था परेकोमा बाहेक उपनियम (१) बमोजिम दिइने क्षतिपूर्तिको रकम सम्बन्धित व्यक्तिलाई एक पटक मात्र दिइनेछ ।

**३३. क्षतिपूर्ति निर्धारण समितिः**

(१) ऐनको दफा २३ र २४ बमोजिम दिनु पर्ने क्षतिपूर्तिको रकम निर्धारण गर्न देहायका अध्यक्ष र सदस्यहरू भएको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछः

(क) नगरपालिकाको उपप्रमुख — अध्यक्ष

(ख) जलस्रोत उपयोग सम्बन्धी परियोजनासँग सम्बन्धित कार्यालय वा उपभोक्ता समितिको प्रतिनिधि — सदस्य

(ग) जलस्रोतसँग सम्बन्धित नगरपालिकाले तोकेको विशेषज्ञ — सदस्य

(घ) हानि नोक्सानी भएको अचल सम्पत्तिको धनी वा निजको प्रतिनिधि — सदस्य

(ङ) हानि नोक्सानी भएको अचल सम्पत्ति रहेको क्षेत्रका मालपोत र नापी कार्यालयको प्रतिनिधि — सदस्य

(च) हानि नोक्सानी भएको अचल सम्पत्ति रहेको क्षेत्रको सम्बन्धित वडाका वडाध्यक्ष — सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको क्षतिपूर्ति निर्धारण समितिले क्षतिपूर्तिको रकम निर्धारण गर्दा प्रत्यक्ष तथा वास्तविक हानि नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्तिको रकम निर्धारण गर्नु पर्नेछ।

(३) क्षतिपूर्ति निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि उक्त समिति आफैंले निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद -६

## विविध

**३४.अधिकारी तोकिएकोः** कुनै जलस्रोत प्रदूषित भए नभएको वा कुनै जलस्रोतको उपयोगको सम्बन्धमा ऐनको दफा २६ को उपदफा (१) बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा परीक्षण गर्ने गराउने अधिकार नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारीलाई हुनेछ।

**३५.सहयोग पुर्याउनु पर्नेः** आफ्नो कार्य सम्पादनको सिलसिलामा नगर जलस्रोत समितिले जलस्रोतसँग सम्बन्धित निकायबाट आवश्यकता अनुसार जलस्रोत सम्बन्धी तथ्याङ्कहरू माग गर्न सक्नेछ र माग भए बमोजिमको तथ्याङ्कहरू उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

**३६.दुर्घटनाको सूचनाः**

(१) अनुमति प्राप्त व्यक्ति वा संस्थाले जलस्रोतको उपयोग सम्बन्धी कुनै काम गर्दा कुनै दुर्घटना वा नोक्सानी भएमा नगर जलस्रोत समितिलाई तुरुन्त सूचना दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो दुर्घटनाका कारण पत्ता लगाउन नगर जलस्रोत समितिले आवश्यक निरीक्षण गर्न गराउन सक्नेछ र प्राविधिक दृष्टिकोणबाट त्यस्तो दुर्घटना नदोहोरिन अपनाउनु पर्ने सुरक्षात्मक व्यवस्था गर्न अनुमति प्राप्त व्यक्ति वा संस्थालाई आदेश दिन सक्नेछ र यस्तो आदेश पालना गर्नु सम्बन्धित अनुमति प्राप्त व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ ।

**३७.नगर कार्यपालिकाले निर्देशन दिन सक्नेः** नगर कार्यपालिकाले जलस्रोतको उपयोग सम्बन्धमा नगर जलस्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु नगर जलस्रोत समितिको कर्तव्य हुनेछ ।

**३८.अनुसूचीमा हेरफर वा थपघट गर्न सक्नेः** नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावली र नियमावलिको अनुसूचीमा आवश्यकतानुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

## अनुसूची-१

**(नियम ४ सँग सम्बन्धित)**

**निवेदन पत्रको ढाँचा**

श्री अध्यक्षज्यू,
नगर जलस्रोत समिति फलेवास ।

हामीले.........................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले फलेवास नगरपालिका जलस्रोत ऐन, २०८० को दफा ११ तथा जलस्रोत नियमावली, २०८० को नियम ४ बमोजिम देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको दुई प्रति विधान र तोकिएको दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरणः

१. उपभोक्ता संस्थाको नामः

२. कार्य क्षेत्रः

३. उद्देश्यहरूः

(क)

(ख)

(ग)

४. सदस्यहरूको नाम, ठेगाना र पेशा

(क)

(ख)

(ग)

(घ)

(ङ)

५. उपयोग गरिने जलस्रोतको विवरणः

(क) जलस्रोतका नाम र रहेको ठाउँ

(ख जलस्रोतबाट गरिने प्रयोगः

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाणः

(घ) उक्त जलस्रोतको हालको अवस्थाः

६. उपभोक्ता संस्थाले पुर्याउने चाहेको सेवा सम्बन्धी विवरणः

(क) सेवाको किसिमः

(ख) सेवा पुर्याउने क्षेत्रः

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. आर्थिक स्रोतको विवरणः

८. कार्यालयको ठेगानाः

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

सहीः

नामः

पदः

ठेगानाः

मितिः

**अनुसूची-२**

**(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)**

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

## उपभोक्ता संस्था दर्ता प्रमाण पत्र

दर्ता नम्बरः                                                                                   दर्ता मितिः

श्री …………………..

……………………….

फलेवास नगरपालिका जलस्रोत ऐन, २०८० को दफा ११ को उपदफा (२) तथा जलस्रोत नियमावली, २०८० को नियम ६ को उपनियम (१) बमोजिमको …………………………………………… दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रमाणपत्र दिने अधिकारीको,

सहीः

नाम, थरः

पदः

**अनुसूची-३**

**(नियम १३ को उपनियम (१) सँग सम्बन्धित)**

## जलस्रोतको उपयोगको सर्वेक्षण अनुमतिको लागि दरखास्त

मितिः ................

श्री अध्यक्षज्यू,

नगर जलस्रोत समिति, फलेवास।

.............................. जलस्रोतको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमति पाउन फलेवास नगरपालिका जलस्रोत नियमावली, २०८० को नियम १३ बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संस्थाको नाम र ठेगानाः

२. उद्देश्यः

३. सर्वेक्षण गर्ने क्षेत्रः

४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु. .......................

(खर्चको आधार समेत संलग्न गर्नुपर्नेछ)

५. सर्वेक्षण गर्ने अवधिः

६. अन्य विवरणहरू (फलेवास नगरपालिका जलस्रोत नियमावली, २०७७ को नियम १३ बमोजिम) माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

**<u>दरखास्त दिनेको</u>**

नाम थरः

सहीः

पदः

ठेगानाः

छाप

**अनुसूची- ४**

**(नियम १५ सँग सम्बन्धित)**

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

## जलस्रोत सर्वेक्षण अनुमति पत्र

अनुमति पत्र संख्याः मितिः ................................

श्री ..................................

........................................

........................................................ जलस्रोतको उपयोगको सर्वेक्षण गर्न देहायको विवरण खोली फलेवास नगरपालिका जलस्रोत नियमावली, २०८० को नियम १५ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. जलस्रोत सर्वेक्षणको विषय क्षेत्र

२. जलस्रोत सर्वेक्षणको उद्देश्यः

३. जलस्रोत सर्वेक्षणको भौगोलिक क्षेत्रः

४. सर्वेक्षण गर्ने अवधिः

५. अनुमतिपत्र बहाल रहने अवधिः

अनुमति पत्र दिने अधिकारीको,

नामः

सहीः

पदः

## अनुसूची-५

**नियम १८ सँग सम्बन्धित)**

# जलस्रोतको उपयोगको अनुमतिको लागि दरखास्त

मितिः ............................

श्री अध्यक्षज्यू,

नगर जलस्रोत समिति, फलेवास ।

.............................................. जलस्रोतको उपयोगको निमित्त अनुमति पाउन फलेवास नगरपालिका जलस्रोत नियमावली, २०८० को नियम १८ बमोजिम देहायका विवरणहरू समेत खुलाई यो दरखास्त पेश गरेको छु।

१. निवेदकको नाम र ठेगानाः

२. उद्देश्यः

३. उपयोग गर्न खोजेको जलस्रोतको परिमाण र उपयोग गर्ने प्रयोजनः

४. प्रस्तावित जलस्रोत उपयोग गर्ने ठाउँ

५. जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफलः

६. प्रस्तावित उपयोगबाट हुन सक्ने सम्भावित लाभः

७. प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः

८. जलस्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको स्रोतः

९. जलस्रोत उपयोग गर्ने तरिकाः

१०. जलस्रोतको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोगः

११. अन्य विवरणहरूः

१२ व्यक्तिगत तथा व्यापारिक प्रयोजनका लागि भूमिगत जल उपयोग गर्न चाहने व्यक्ति वा कम्पनीको हकमा सार्वजनिक सेवामा वितरण हुने पानीको परिमाण :

माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

दरखास्त दिने व्यक्तिको, -

नाम, थरः

सहीः

पदः ठेगानाः

छाप

**अनुसूची-६**

**(नियम २१ सँग सम्बन्धित)**

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

## जलस्रोतको उपयोगको अनुमतिपत्र

अनुमति पत्र संख्याः मितिः ................................

श्री ..........................................

................................................

जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली फलेवास नगरपालिका जलस्रोत नियमावली, २०७७ को नियम २१ बमोजिम यो अनुमति प्रदान गरिएको छ ।

१. निवेदकको नाम र ठेगानाः-

२. जलस्रोत उपयोगको उद्देश्यः-

३. जलस्रोतको नाम, किसिम र रहेको स्थानः-

४. उपयोग गर्न पाउने जलस्रोतको परिमाणः-

५. जलस्रोत उपयोगको क्षेत्रः-

६. जलस्रोत उपयोग गर्ने तरिकाः-

७. प्रस्तावित परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः-

८ भूमिगत जल उपयोगको हकमा सार्वजनिक सेवामा वितरण हुने पानीको परिमाण :

अनुमतिपत्र दिने अधिकारीको,

नामः-

सहीः-

पदः-

**अनुसूची-७**

**(नियम २४ को उपनियम (२) सँग सम्बन्धित)**

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

## जलस्रोतको उपयोगको नयाँ अनुमतिपत्र

(यो नियमावली लागू हुनु पूर्वका संस्थालाई दिइने)

अनुमति पत्र संख्याः मितिः ................................

श्री ..........................................

................................................

.................................................... लाई देहायको विवरणहरू खुलाई फलेवास नगरपालिका जलस्रोत ऐन, २०८० को दफा ८ को उपदफा (३) र फलेवास नगरपालिका जलस्रोत नियमावली, २०८० को नियम २४ बमोजिम यो अनुमति प्रदान गरिएको छ ।

१. अनुमति पाउनेको नाम र ठेगानाः-

२. जलस्रोत उपयोगसँग सम्बन्धित परियोजनाको नाम र किसिमः-
   (प्रत्येक उपयोगसँग सम्बन्धित)

३. जलस्रोतको नाम र रहेको स्थानः-

४. जलस्रोतको उपयोग भएको परिमाणः-

५. जलस्रोत उपयोगबाट उपलब्ध गराइएको सेवा र त्यसको बिस्तार क्षेत्रः

६. उपभोक्ता संख्या र त्यसको किसिम :-

७. सेवा उपलब्ध गराउन शुरु गरेको मितिः-

८. अन्य शर्तहरूः-

**अनुमतिपत्र दिने अधिकारीको,**

नामः-

सहीः-

पदः-

**अनुसूची-८**

**(नियम १३ को उपनियम (२) नियम २५ र नियम २६ को उपनियम (३) सँग सम्बन्धित)**

## जलस्रोत उपयोगको अनुमति दस्तुर

(क) खानेपानी र घरेलु उपयोग रु. ५००।-

(ख) सिंचाई उपयोग रु. ५००।-

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग रु. ५००।—

(घ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग रु. ५००।-

(ङ) जल यातायात रु. २५००।-

(च) आमोद प्रमोदजन्य उपयोग रु. २५००।-

(छ) लघु जलविधुत उपयोग रु. ५०००।-

(ज) व्यक्तिगत तथा व्यापारिक प्रयोजनका लागि भूमिगत जल उपयोग

क. व्यक्तिगत रु ५०००/-

ख. व्यापारिक रु. १००००।-

(झ) अन्य उपयोग रु. ५००

**अनुसूची-९**

**(नियम २८ सँग सम्बन्धित)**

## जलस्रोतको उपयोग वापत बुझाउनु पर्ने वार्षिक शुल्क

१. सिंचाइको हकमाः

(क) एकसय रोपनी सम्मको जमिन सिंचाइ गर्न रु. ५००।—

(ख) १०० रोपनी भन्दा जति बढी भएपनि रु १००० ।

२. खानेपानीको हकमा खानेपानी वितरण गर्ने संस्थाबाट मिटर जडान भएकोमा प्रति धारा / मिटर नभएकोमा प्रति घरधुरी रु. १०।-

३. घरेलु उद्योगमा पानीको मुल प्रयोग गरे बापत रु.१,०००।-

४. औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोगको लागि रु.१०,००० ।-

५. आमोद प्रमोदजन्य प्रयोगको लागि रु.१०,०००।-

६. ब्यक्तिगत तथा व्यापारिक प्रयोजनका लागि भूमिगत जल उपयोगको लागि

क. व्यक्तिगत रु २५००/-

ख. व्यापारिक रु. १००००/-

७. अन्य प्रयोगको लागि ५००।- देखि रु ५०००/-

नोट यस नगरपालिका अन्तर्गत दर्ता भएका र नियमित नविकरण भएका उपभोक्ता संस्थाले नविकरण र जल उपयोग वापत दोहोरो शुल्क तिर्नुपर्ने छैन ।

**अनुसूची-१०**

**(नियम ३० सँग सम्बन्धित)**

## जग्गा उपयोग वा प्राप्तिको लागि दरखास्त

श्री अध्यक्षज्यू,

नगर जलश्रोत समिति, फलेवास ।

........................................... जलस्रोतको उपयोगको सिलसिलामा निर्माण कार्य शुरु गर्नका लागि तपसिलमा उल्लेखित घर जग्गा उपयोग गर्नु पर्ने वा प्राप्त गर्नु पर्ने भएकोले नियमानुसार उपयोग गर्न पाउन यो दरखास्त पेश गरेको छु ।

**दरखास्त दिनेको**

नाम र थरः-

सहीः-

पदः‘

ठेगानाः

छाप

आज्ञाले,

ऋषिराम आचार्य

प्रमुख प्रशासकीय अधिकृत